# आकाशवाणी समाचार- नेपाली

मितिः १० जुन २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले विगत ११ वर्षमा देशले विभिन्न क्षेत्रमा तीव्र परिवर्तन देखेको बताउनु भएको छ।

२. खराब मौसमका कारण एक्सियम स्पेसको चौथो मिसन एक दिनका लागि स्थगित गरिएको छ।

३. कृषिमन्त्री शिवराजसिंह चौहानले कृषि क्षेत्रको विकास नभएसम्म देश विकसित राष्ट्र बन्न नसक्ने बताउनु भएको छ।

४. मौसम विभागले तटीय र भित्री कर्नाटक, केरला, माहे, उडिसा, रायलसीमा, तमिलनाडु, पुडुचेरी र कराईकल र पूर्वोत्तर राज्यका केही स्थानमा मेघगर्जन र हावाहुरीसहित वर्षाको सम्भावना रहेको जनाएको छ।

५. भारतीय क्रिकेट टिमका पूर्व कप्तान महेन्द्र सिंह धोनी अंतर्राष्ट्रीय क्रिकेट परिषद्-आईसीसीको प्रतिष्ठित हल अफ फेममा सामेल भएका छन्।

**प्रधानमंत्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले १४० करोड भारतीयको आशीर्वाद र सामूहिक सहभागिताले विगत ११ वर्षमा देशले विभिन्न क्षेत्रमा तीव्र परिवर्तन देखेको बताउनु भएको छ। एक सोशल मीडिया पोस्ट मार्फत श्री मोदीले भन्नुभयो 'सबका साथ, सबका विकास, सबका विश्वास र सबका प्रयास' को सिद्धान्तबाट प्रेरित भएर एनडीए सरकारले तीव्र गतिमा ठूलो संवेदनशीलताका साथ महत्वपूर्ण परिवर्तन ल्याएको छ। यसका साथै प्रधानमन्त्री मोदीले नमो एपमार्फत विगत ११ वर्षको भारतको विकास यात्राको सर्वेक्षणमा सहभागी हुन सबैलाई आग्रह गर्नुभयो। सोसल मिडियापोस्टमा श्री मोदीले एउटा पोर्टलको लिंक पनि सेयर गर्नुभयो। यहाँ विगत ११ वर्षमा भारतको विकास यात्राको बारेमा जनमत सर्वेक्षणमा भाग लिन सकिन्छ।

**अमित शाह**

गृहमन्त्री अमित शाहले मोदी सरकारको ११ वर्षको अवधिमा देशले आर्थिक पुनरुत्थान, सामाजिक न्याय, सांस्कृतिक गौरव र राष्ट्रिय सुरक्षाको नयाँ युग देखेको बताउनु भएको छ। सार्वजनिक सेवाका यी वर्षहरूमा 'न्यूनतम सरकार, अधिकतम शासन' को दृष्टिकोणले देशको विकासको गति र स्केल दुवैमा परिवर्तन ल्याएको उनको भनाइ थियो।

**एक्सियोम -4**

वर्तमान र भविष्यको अन्तरिक्ष अनुसन्धानलाई सहयोग पुरयाउने उद्देश्यले वैज्ञानिक प्रयोगका लागि एक्सियम स्पेस कम्पनीको चौथो मिसन एक दिनका लागि स्थगित गरिएको छ। खराब मौसमका कारण यस्तो निर्णय गरिएको हो। भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो) का अध्यक्ष भी नारायणनका अनुसार, 'एक्जिओम–४ मिसन केप क्यानवेरलस्थित केनेडी स्पेस सेन्टरबाट भारतीय समयअनुसार भोली साँझ साढ़े पांच बजे प्रक्षेपण हुनेछ। यस ऐतिहासिक मिसनमा भारतका शुभांशु शुक्लासगै अमेरिका, पोल्याण्ड र हंगेरीका अन्तरिक्ष यात्रीहरु १४ दिनसम्म अंतरराष्ट्रीय अंतरिक्ष केन्द्रमा रहनेछन्। चार जना अन्तरिक्ष यात्रीले मानव स्वास्थ्य, पृथ्वी अध्ययन, जीवविज्ञान र अन्य अनुसन्धानसँग सम्बन्धित ६० भन्दा अधिक वैज्ञानिक प्रयोगहरू गर्नेछन्।

**जितेन्द्र सिंह**

पृथ्वी विज्ञान मन्त्री जितेन्द्र सिंह र युनेस्कोको अन्तरसरकारी महासागरीय आयोग (आईओसी) का कार्यकारी सचिव विदर हेल्जेसेनबीच हिजो फ्रान्सको नाइसमा समुद्र संरक्षणमा केन्द्रित द्विपक्षीय वार्ता भएको छ। बैठकमा विश्वव्यापी समुद्री अवलोकन क्षमता बढाउने विषयमा छलफल भएको थियो।

**कृषि मंत्री**

कृषिमन्त्री शिवराजसिंह चौहानले कृषि क्षेत्रको विकास नभएसम्म देश विकसित राष्ट्र बन्न नसक्ने बताउनु भएको छ। तेलंगानामा विकसित कृषि संकल्प अभियानमा किसानहरूलाई सम्बोधन गर्दै उहाँले कृषि विकासलाई बढाउन प्रयोगशाला र जमिनलाई जोड्नु पर्नेमा जोड दिनुभयो। श्री चौहानले भन्नुभयो हामीले एक नम्बर फूड सिक्योरिटी सुनिश्चित गर्नु छ, दुई नम्बरका किसानको आम्दानी बढाउनु छ, तीन नम्बर पोषिलो खाना पाऊन् र चार नम्बरका किसानले यो जमिनलाई आगामी पुस्ताका लागि जोगाएर राख्नुपर्छ ताकि हामी आफै बिरामी नपरौं।

**विशेष फीचर- सरकार 11 साल**

विगत एक दशकमा सेवा, सुशासन र गरिबको कल्याणको नीतिअन्तर्गत देशले उल्लेखनीय प्रगति गरेको छ। आकाशवाणी समाचारले विगत ११ वर्षको अवधिमा प्रमुख क्षेत्रहरूमा सरकारको प्रयास र उपलब्धिहरूमा विशेष फीचर लिएर आएको छ। आजको श्रीन्खलामा हामी पर्यावरण संरक्षणमा ध्यान केन्द्रित गर्दै विकास प्रयासहरूको उल्लेख गर्दैछौं

एक-रिपोर्ट

**निर्मला-एनआईआईएफ बैठक**

केन्द्रीय वित्त तथा कर्पोरेट मामिलामन्त्री निर्मला सीतारमणले राष्ट्रिय निवेश तथा अवसंरचना कोष (एनआईआईएफ) को छैटौं गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्नुभयो। बैठकमा केंद्रीय वित्त मंत्री र परिषद्का सदस्यहरूले एनआईआईएफको कार्यसम्पादन, विद्यमान कोष र प्रमुख दिशानिर्देशहरूबारे छलफल गरेका थिए भने वर्तमान रणनीति र भविष्यको दृष्टिकोण, एनआईआईएफले उठाउने अर्को पुस्ताको कोषको प्रकृति र आकार सहित र पूँजी जुटाउनका लागि नयाँ मार्गहरूको खोजी गर्ने बारेमा पनि छलफल गरे। परिषद्ले एनआईआईएफलाई सॉवरेन-लिंक्ड एसेट म्यानेजरको रूपमा विकास गरेकोमा प्रशंसा गरेको छ।राष्ट्रिय प्राथमिकताअनुरूप भारतीय अर्थव्यवस्थाका बुनियादी ढांचा र अन्य प्रमुख क्षेत्रहरूमा पूँजी परिचालनमा एनआईआईएफको बढ्दो भूमिकालाई मान्यता दिँदै परिषद्ले एनआईआईएफको प्रदर्शनको प्रशंसा गरेको छ भने व्यवस्थापन अन्तर्गत सम्पत्तिमा विस्तारलाई उजागर गरेको छ जुन ३०,००० करोड भन्दा अधिक भएको छ र ११,७००० करोड भारुको पूँजीलाई उत्प्रेरित गरेको छ।

**जहाज-दुर्घटना**

केरलाको कोझिकोड तटमा सिङ्गापुरको एउटा मालवाहक जहाजमा आगलागी भएको छ। जहाज कोलम्बोबाट मुम्बई गइरहेको थियो। जहाजमा रहेका २२ जना चालक दलका सदस्यमध्ये चार जना हराइरहेको प्रारम्भिक रिपोर्टमा थाहा लागेको थियो। तटरक्षक बल र नौसेनाले राहत र उद्धार कार्य सुरु गरेका छन्। यसैबीच भारतीय नौसेनाले तटरक्षक बलसँग समन्वय अभियान अन्तगत २२ चालक दलका सदस्यमध्ये १८ जनालाई उद्धार गरेको छ। कन्टेनरमा विस्फोटपछि जहाजमा आगो लागेको थियो। भारतीय नौसेनाका अनुसार उक्त घटना हिजो बिहान ९ः३० बजे भएको थियो। आईएनएस सुरत र डोर्नियर विमानलाई तत्काल सहयोगका लागि तैनाथ गरिएको थियो।

**मौसम**

मौसम विभागले तटीय र भित्री कर्नाटक, केरला, माहे, उडिसा, रायलसीमा, तमिलनाडु, पुडुचेरी र कराईकल र पूर्वोत्तर राज्यका केही स्थानमा मेघगर्जन र हावाहुरीसहित वर्षाको सम्भावना रहेको जनाएको छ। यसैगरी आगामी दुई दिन तटीय आन्ध्र प्रदेश, अण्डमान र निकोबार द्वीपसमूह, छत्तीसगढ, झारखण्ड, मराठवाड़ा, रायलसीमा र मध्य महाराष्ट्रमा मेघगर्जन र हावाहुरीको

सम्भावना रहेको छ। यसका साथै दिल्ली, हरियाणा, चण्डीगढ, जम्मू–कश्मीर, लद्दाख, मध्य प्रदेश, पञ्जाब, राजस्थान र उत्तर प्रदेशमा आज पनि गर्मीको सम्भावना रहेको बताइएको छ भने बिहार, तटीय आन्ध्र प्रदेश र पश्चिम बङ्गालको गंगीय क्षेत्रका केही स्थानमा गर्मीको सम्भावना रहेको बताइएको छ।

## धोनी-हॉल ऑफ फेम

भारतीय क्रिकेट टिमका पूर्व कप्तान महेन्द्र सिंह धोनी अंतर्राष्ट्रीय क्रिकेट परिषद्-आईसीसीको प्रतिष्ठित हल अफ फेममा सामेल भएका छन्। आइसिसीका अनुसार भारतीय क्रिकेट टोलीका पूर्व कप्तान तथा कुशल विकेटकिपर महेन्द्रसिंह धोनीसहित सात खेलाडीले यो वर्ष यो सम्मान प्राप्त गरेका छन्। धोनीलाई उनको असाधारण नेतृत्व र कठिन परिस्थितिमा सटीक कौशलको लागि हल अफ फेममा समावेश गरिएको छ। आफ्नो अन्तर्राष्ट्रिय करियरमा धोनीले ५३८ म्याचमा ८२९ स्टंप आउटसगै १७,२६६ रन बनाएका छन् भने एकदिवसीय क्रिकेटमा उनको सर्वाधिक स्कोर १८३ नटआउट रहेको छ। धोनीको कप्तानीमा भारतले सन् २००७ मा ट्वान्टी–२० विश्वकप, सन् २०११ मा एकदिवसीय विश्वकप र सन् २०१३ मा च्याम्पियन्स ट्रफी जितेको थियो।

## बांग्लादेशी नागरिक गिरफ्तार

बंगलादेशबाट मानव बेचबिखन र अवैध घुसपैठविरुद्ध निरन्तर कारबाही गर्दै सुरक्षा बलले पछिल्लो ४८ घण्टामा अगरतला रेलवे स्टेसनमा एक समन्वित अभियानमा पाँच जना बंगलादेशी नागरिक र दुई जना भारतीय एजेन्टलाई पक्राउ गरेको छ। सरकारी रेलवे पुलिस (जीआरपी) का एक वरिष्ठ अधिकारीका अनुसार जीआरपी, रेलवे सुरक्षा बल, सीमा सुरक्षा बल र केन्द्रीय गुप्तचर एजेन्सीका जवानहरू घुसपैठविरुद्ध संयुक्त अपरेसनमा संलग्न छन्। सतर्क सुरक्षा बलले कोलकाता जाने र दिल्ली जाने रेलमा चढ्नुअघि नै घुसपैठिहरूको दुई अलग-अलग समूहलाई नियन्त्रणमा लिएको थियो। पक्राउ परेका एजेन्टहरूले उनीहरूलाई अवैध रूपमा भारत प्रवेश गर्न र भारतका अन्य भागहरूमा यात्रा गर्न सहजीकरण गर्ने प्रबन्ध मिलाएको अधिकारीहरूले बताएका छन्।

## क्यूसीआई-मान्यता

भारतीय गुणवत्ता परिषद (क्यूसीआई) ले हिजो  नयाँ दिल्लीमा विश्व प्रत्यायन दिवस २०२५ मनाएको छ। यस वर्षको विषय 'प्रत्यायनः लघु तथा मध्यम उद्यमको सशक्तीकरण' रहेको छ, जसले एमएसएमईका लागि प्रतिस्पर्धात्मकता, बजार पहुँच र विश्वसनीयता बढाउन मान्यताको रणनीतिक भूमिकालाई रेखांकित गर्दछ। सो अवसरमा बोल्दै उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभागका सचिव अमरदीप सिंह भाटियाले भारतीय लघु तथा मध्यम उद्यमहरूलाई घरेलु र अन्तर्राष्ट्रिय बजार दुवैमा पहुँच प्रदान गर्न मान्यताको महत्वमा जोड दिनुभयो। उहाँले भन्नुभयो गुणस्तर कायम गरेर, निर्यातलाई समर्थन गर्दै, समावेशी र दिगो विकासलाई बढावा दिएर, प्रमाणीकरण र मूल्यांकन निकायहरू 2047 सम्म आत्मनिर्भर भारत र विकसित भारतको दृष्टिकोणको लागि महत्वपूर्ण छन्।  कार्यक्रममा परीक्षण अनि अंशांकन प्रयोगशालाहरुका लागि राष्ट्रीय प्रत्यायन बोर्ड (एनएबीएल) पोर्टलको नयाँ संस्करण पनि सार्वजनिक गरिएको थियो। यसको उद्देश्य मान्यता प्रक्रियालाई व्यवस्थित गर्नु र डिजिटल पहुँच बढाउनु हो, विशेष गरी प्रयोगशालाहरू र सूक्ष्म, साना र मझौला उद्यमहरू सामेल छन।

****** ० ******

****** ० ******